नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(जनशक्ति योजना तथा विकास शाखा)

पत्र संख्याः ज.यो.वि.शा. ३१३ -२०७४/७५

चलानी संख्याः ४५५

मितिः- २०७५।०३।०४

विषयः- वैदेशिक अध्ययन/तालीम छात्रवृत्तिमा मनोनयन गर्ने सम्वन्धमा।

श्री सबै मन्त्रालय,

सिंहदरवार काठमाडौं ।

तपसिल अनुसारको अध्ययन/तालीम कार्यक्रममा तहांबाट मनोनयन गर्ने गरी निजामती सेवा ऐन, २०४९ (संशोधन सहित) को दफा ४०ख को उपदफा (३) बमोजिम गठित समितिको मिति २०७५/०३/०३ को वैठकबाट निर्णय भएको हुदा उक्त कार्यक्रममा उपयुक्त उम्मेदवार मनोनयन गरि अर्थ मन्त्रालय, अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखामा पठाउनु हुन तथा मनोनयन गरिएको कर्मचारीको संकेत नं. समेत उल्लेख गरि सो को जानकारी यस मन्त्रालयमा समेत अनिवार्य रुपमा उपलब्ध गराउने व्यवस्था हुन आवश्यक कार्यार्थ पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

साथै, तालीम तथा अध्ययन कार्यक्रममा उम्मेदवार मनोनयन गर्दा कार्यक्रमसँग असम्बन्धित व्यक्तिको मनोनयन भै सम्बन्धित संस्थाबाट कन्फर्मेशन नआएमा सो निकायलाई २ पटकसम्म छात्रवृत्तिमा समावेश नगर्ने भनि निर्णय भएको व्यहोरा समेत जानकारीको लागि अनुरोध छ।

छात्रवृत्तिको मनोनयनमा सम्बन्धित सेवा, समुह र श्रेणीभित्रका समावेशी (महिला, आदिवासी/जनजाति, मधेशी, दलित, अपाङ्ग, पिछडिएको क्षेत्र) तथा हालसम्म अवसर नपाएका र दुर्गममा सबभन्दा बढी समय काम गरेका आधारमा साथै योग्यता पुगेका सहायक स्तरका कर्मचारीहरुलाई समेत प्राथमिकता दिई मनोनयन गर्नुहुन अनुरोध छ ।

तपसिल:

| क्र. सं. | अध्ययन / तालीम/छात्रवृत्तिको विषय | सिट संख्या | अध्ययन, तालिमको अवधि/फारम भर्ने अन्तिम मिति | अवसर प्रदान गर्ने निकाय/ कार्यक्रम संचालन हुने मुलुक | आवश्यक योग्यता/ अन्य प्रासंगिक व्यहोरा | छात्रवृत्ति वितरण गरिएका निकाय/निर्णयको व्यहोरा |
|---|---|---|---|---|---|---|
| 1 | Doctoral Degree in Agriculture and Allied Sciences<br><br>(Study) | Not stated | As per 2018-19 scholarship program / 15 June, 2018 | India | ▪ Masters degree in Allied science<br>▪ For more detail Email: adgeqricar@gmail.com)<br>▪ website: www.icar.org.in | सबै निकायलाई खुला गर्ने। |

वोधार्थ

श्री राष्ट्रिय योजना आयोग, आर्थिक विश्लेषण तथा बैदेशिक सहायता समन्वय शाखा, सिंहदरबार ।

श्री अर्थ मन्त्रालय, अन्तराष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा, सिहंदरबार ।

श्री परराष्ट्र मन्त्रालय, सिंहदबार

(कुल प्रसाद भट्टराई)

शाखा अधिकृत